## अक्षय कोष : लोहोरुङ याखाबा समाजको हार्दीक अपील
## तथा
## हालसम्मको प्रगती बिबरण

लोहोरुङ याखाबा समाज गठन भएको एक दशक भन्दा बढि भै सकेको भए तापनि दिगो आर्थिक श्रोतको अभावमा लक्ष र उदेश्य अनुरुपको प्रगति हुन नसकेको अबस्था सबैमा बिदितै छ। समय गतिशिल छ। यथास्थितिमा केहि हुनेवाला छैन। यसर्थ आफ्नो समुदायको हकहित र अस्तित्व रक्षाकोलागि आफैले केहि गर्नै पर्ने प्रयास स्वरुप लोहोरुङ याखाबा समाज केन्द्रीय कार्यसमितिले बि.सं. २०६९ साल श्रावण महिनामा एक अक्षय कोष स्थापना गर्ने निर्णय गरेको छ। यस बिषयमा लामो समय देखि बेला बखत अनौपचारिक छलफलहरु हुँदै आएको भएतापनि हाल औपचारिकता प्राप्त भएकोले संपुर्ण लोहोरुङ बन्धुहरुमा जानकारी सहित अमुल्य योगदानकोलागि हार्दीक अपील गर्दछौं।

लोहोरुङ याखाबा समाज हामी संपुर्ण लोहोरुङ समुदायको हकहित र अस्तीत्वकोलागि संगठीत एक सामाजिक संस्था हो। हामी बिभिन्न हिसाबले पछि पारिएका आदिबासी जनजातीहरुले आफ्नो हकहित र अस्तीत्वकोलागि आफै जागरुक हुनु पर्छ भन्ने मुल मान्यतानुसार अब हामी लोहोरुङ समुदाय पनि अगाडी बढेनौं भने समयले पछि पार्ने निश्चीत छ। आजको परिवर्तनशील युगमा हामी जहाँ जे जस्तो अबस्थामा छौं अथवा जुनसुकै पेशा, धर्म र राजनितिमा आस्था राखेता पनि सर्ब प्रथम हाम्रो पहीचान भनेको लोहोरुङ हो र यो पहीचान सदैब कायम रहनेछ। यसर्थ सबै लोहोरुङ बन्धुहरुले आफ्नो अबस्था र क्षमतानुसार सकेको योगदान गर्न अग्रसर हुनै पर्ने अबस्थामा हामी आइ पुगेकाछौं। लोहोरुङ समुदायको हकहित र अस्तीत्व रक्षा गर्ने दायित्व सबै लोहोरुङहरुको हो। नेपालका कतिपय अन्य बिकसित समुदायहरुले संस्थागत रुपमा संगठीत भएर हासिल गरेका ऊपलब्धीहरु हाम्रालागि पनि मनन् योग्य छन्।

अक्षय कोष भनेको जे जति रकम संकलन हुँदै जान्छ सो रकम खर्च नगरि जम्मा गर्दै जाने हो। जम्मा भएको रकमबाट जे जति ब्याज प्राप्त हुन्छ सो रकममात्र खर्च गर्ने हो। कालान्तरमा धेरै रकम जम्मा भै धेरै ब्याज प्राप्त गर्न सकिन्छ र सो रकमबाट संस्थाले कल्याणकारी योजना र कार्यक्रमहरु संचालन गर्न सक्छ। शुन्यबाट सूरु गर्दा समय लाग्छ तर असंभव छैन। हाल प्रस्ताबित योगदान रकम प्रति ब्यक्ति बार्षिक रु. ५,०००.०० (पाँच हजार) निर्धारण गरिएकोछ। आ-आफ्नो क्षमताले भ्याएसम्म प्रत्येक बर्ष जिम्मेवारी पूर्बक इमान्दार भै कोषमा योगदान गरिनै रहने अपेक्षा गरिएकोछ। **बार्षिक आम्दानीको सानो हिस्सा आफ्नो समुदायको हितमा अर्पण गर्ने परम्पराको थालनी गर्नु समयको माग र हामी सबैको कर्तब्य पनि हो। सक्नेले थोरै दिंदा केही फरक पर्दैन तर त्यसको महत्व हाम्रो समाजमा दुर्भाग्यले आइलाग्ने संकटको बेला अमुल्य हुन्छ। आज हामी जो छौं भोलि हुने छैनौं। यसर्थ यो इतिहास रचना गर्ने सौभग्य पनि हो।** यस बाहेक जो जस्ले जति दिन सक्छ अथवा पटके चन्दा, दान आदि पनि स्वीकार्य हुनेछ। अचल संपत्ति दान स्वरुप प्राप्त भएमा बिक्री बितरण गरि कोषमा जम्मा हुनेछ। अक्षय कोष स्थापनाको निर्णय पश्चात लोहोरुङ बन्धुहरुबाट रकम जम्मा गर्ने कार्य सुरु भैसकेको छ। हालसम्म प्राप्त रकम एभरेष्ट बैंक लिमिटेडको खाता नं ०२०००५१०२०००४२ मा जम्मा भएको छ। खाता केन्द्रीय अध्यक्ष श्री डम्मर लोहोरुङ राईको नाममा रहेकोछ। योगदान गर्न ईच्छुक माहानुभावहरुले उक्त खातामा रकम जम्मा गर्नु भै रेकर्डकोलागि निम्न ठेगानाहरुमा जानकारी दिनु हुन हार्दीक अनुरोध छ। हरेक रु एकलाख जम्मा हुनासाथ सँस्थाको आफ्नै मुद्दतीखातामा जम्मा हुँदै जानेछ। अमुल्य सल्लाह र सुझावकोलागि सदैब हार्दीक स्वागत छ।

श्री डम्मर लोहोरुङ – ९८५१ १३७ २७४ Email: dammar.rai@gmail.com
श्री टंक लोहोरुङ – ९८०३ ८७३ ४४७ Email: tankalohorung@yahoo.com

**बिषेश जानाकारी :** जुनसुकै बर्ष देखि योगदानमा सरिक हुने सबैलाई कोषको साधारण सदश्यको मान्यता स्वत: प्राप्त हुनेछ र उक्त सदस्यता आजीवन कायम रहनेछ। **जुन सुकै बर्ष देखि लगातार वा बर्ष बिराइ पाँच बर्ष बार्षिक रु ५,०००.०० वा एकमुष्ट रु २५,०००।०० योगदान दिनुहुने सबैलाई संस्थापक सदश्यताको मान्यता प्राप्त हुनेछ।**

**बि.सं. २०६९ मा संकलन भएको बिबरण (पहिलो बर्ष) :**

| | |
|---|---|
| १ श्री हस्त बहादुर लोहोरुङ, गैरीपाङमा | रु. ५,०००.०० |
| २ श्री अंचल कुमार लोहोरुङ, डाडापाङमा | रु ५,०००.०० |
| ३ श्री डम्मर लोहोरुङ, माथिल्लो धुपू –हाल बालाजु,काठमाण्डौं | रु ५,०००.०० |
| ४ श्री ऐतसिं लोहोरुङ, गैरी पाङमा –हाल यू.के. | रु. ५,०००.०० |
| ५ श्री तेज बहादुर याङखुङ, याङखुङ पाङमा –हाल सुकेधारा,काठमाण्डौं | रु ५,०००.०० |
| ६ श्री टंक लोहोरुङ, खर्दुवा - हाल स्वयम्भू, काठमाण्डौं | रु. ५,०००.०० |
| ७ श्री आशिष लोहोरुङ, खर्दुवा – हाल अष्ट्रेलिया | रु ५,०००.०० |
| ८ श्री ज्ञान लोहोरुङ, दिदीङ – हाल ताल्छीखेल,काठमाण्डौं | रु ५,०००.०० |
| ९ श्री आनन्द लोहोरुङ, खर्दुवा – हाल अष्ट्रेलिया | रु ४,०००.०० |
| | **जम्मा - रु ४४,०००.००** |

**कुल जम्मा – रु ४४,०००.०० (२०६९ साल चैत्र मसान्तसम्मको)**

८ श्री ज्ञान लोहोरुङ, दिदीङ – हाल ताल्छीखेल,काठमाण्डौं रु ५,०००.००
९ श्री आनन्द लोहोरुङ, खर्दुवा – हाल अष्टेलिया रु ४,०००.००

**जम्मा - रु ४४,०००.००**

**कुल जम्मा – रु ४४,०००.०० (२०६९ साल चैत्र मसान्तसम्मको)**

**बि.सं. २०७० मा संकलन भएको बिबरण (दोस्रो बर्ष) :**

१ श्री अंचल कुमार लोहोरुङ, डाडापाङमा रु ५,०००.००
२ श्री डम्मर लोहोरुङ, माथिल्लो धुपू –हाल बालाजु,काठमाण्डौं रु ५,०००.००
३ श्री ऐतसिं लोहोरुङ, गैरी पाङमा –हाल यू.के. रु. ५,०००.००
४ श्री टंक लोहोरुङ, खर्दुवा - हाल स्वयम्भू, काठमाण्डौं रु. ५,०००.००
५ श्री आशिष लोहोरुङ, खर्दुवा – हाल अष्टेलिया रु ५,०००.००
६ श्री ज्ञान लोहोरुङ, दिदीङ – हाल ताल्छीखेल,काठमाण्डौं रु ५,०००.००
७ श्री आनन्द लोहोरुङ, खर्दुवा – हाल अष्टेलिया रु ६,०००.००
८ श्री देबी प्रसाद लोहोरुङ,याङखोँवा पाङमा-हाल बालाजु,काठमाण्डौ रु ५,०००.००
९ श्री नबिन लोहोरुङ, पाङमा अरुनथान-हाल बालाजु।यू.के. रु १०,०००.००
१० श्री रुद्र बहादुर लोहोरुङ, गैरी पाङमा-हाल अनामनगर,काठमाण्डौं रु ५,०००.००

**जम्मा – रु ५६,०००.००**

**पहिलो बर्षको - रु ४४,०००.०० र दोस्रो बर्ष रु ५६,०००.००**

**कुल जम्मा – रु १००,०००.०० (२०७० साल चैत्र मसान्तसम्मको)**

**अनुरोध :** यो अपील पाउनु हुने जोसुकै लोहोरुङ बन्धुहरुले पनि परिचीत सबै लोहोरुङ बन्धुहरुलाई फोटोकपी वा ईमेल गरि जानाकारी दिनु हुन बिनम्र अनुरोध छ। कोषमा सहभागीताको संभावना धेरै हुँदा हुदै पनि सोचे जस्तो प्रगती हुन सकेको छैन। यो प्रयासको जिम्मेवारी सबै लोहोरुङ बन्धुहरुको हो। यसर्थ हामी सबैको सक्रीयता नितान्त जरुरी छ। नयाँबर्ष २०७१ मा धेरै सहभागी हुने आशा र भरोशा सहित हार्दिक शुभकाना !!! धन्यबाद ।

**थप जानकारीको लागि:**

http://lohorung.org.np